# चन्द्रागिरि नगरपालिका न्यायिक समिति

चन्द्रागिरि नगरपालिका न्यायिक समिति

बलम्बु, काठमाडौं, बागमति, प्रदेश

संयोजक : श्री लिशा नकर्मी

सदस्य : श्री माधवकुमार के.सी.

सदस्य : श्री सुरेन्द्र के.सी.

**बाट भएको निर्णय**

निर्णय नं. : ०७

**निवेदक/वादीको नाम, थर, ठेगाना**

कास्की जिल्ला पोखरा म.न.पा. वडा नं. १, पोखरामा रजिर्ष्टड कार्यालय भएको सुजल डेरी प्रा.लि.को वारिश सुजल डेरी प्रा.लि. कर्पोरेट प्रबन्धक वर्ष ५७ को लक्षण बहादुर श्रेष्ठ (मो.नं. ९८०१२४०१५९)..........................................१

**विपक्षी/प्रतिवादीको नाम, थर, ठेगाना**

भक्तलाल श्रेष्ठकी बुहारी, महेश्वरलाल श्रेष्ठकी श्रीमती काठमाडौं जिल्ला का.म.न.पा. वडा नं. १४ कलंकी, लाम्पाटी बस्ने वर्ष ८८ कि श्रीमती शारदा देवी श्रेष्ठ..........................................१

**वादीको साक्षी**

**कागज प्रमाण**

क) उद्योग दर्ता प्रमाण पत्रको फोटोकपी थान ..... १

ख) करचुक्ता प्रमाण पत्रको फोटोकपी थान.......... १

ग) स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको फोटोकपी थान ..................................................१

घ) सुजल डेरी प्र.लि. को नाउँमा जरी भएको प्रमाण पत्रको फोटोकपी थान ........................... १

ङ) लक्षण बहादुर श्रेष्ठको नाउँमा जरी भएको परिचय पत्रको फोटोकपी थान.................... १

च) नागरिकताको फोटोकपी थान.......................१

छ) च.नं. ३६ को पत्रको फोटोकपी थान..............१

ज) स्थलगत फोटो थान ..................................४

**प्रतिवादीको साक्षी**

**कागज प्रमाण**

चन्द्रागिरि नगरपालिका नगर कार्यपालिकाको कार्यालय बलम्बु, काठमाडौं बागमती प्रदेश, नेपाल

**न्यायिक समितिबाट बुझेको साक्षी** .................

**प्रमाण :**

क) थानकोट गा.वि.स. वडा नं. ३/क कि.नं. ४०९ को दर्ता श्रेस्ता उत्तार प्रमाणीत थान ..................१

ख) थानकोट गा.वि.स. वडा नं. ३/क कि.नं. ४०९, ५२०, ५१६ र ५१८ भएकोप्रमाणीत नक्सा थान .....१

ग) कित्ता नं. ५१६, ५१८ र ५२० नापी कार्यालयको प्लट बुक उत्तार प्रमाणीत थान ..........................१

**मुद्दा : बाटोको बाधा हटाई बाटो चलाई पाउँ ।**

**मु.नं. : ०५/२९**

**दर्ता मितिः २०७७/०४/१३**

**वादीको दावीको संक्षिप्त व्यहोरा :**

१. चन्द्रागिरि नगरपालिकाको वडा नं. ३ माटिखेलमा अवस्थित सुजल डेरी प्रा.लि. जाने सार्वजनिक बाटो स्थानीयवासी लगायत डेरीले दशकौ देखि गर्दै आएका छौं । वङ्गलामुखी के.सी.ले मात्रै पनि यो बाटो विगत २०६२ सालदेखि प्रयोग गरेको रसो डेरी खरिद गर्ने सुजल डेरी प्रा.लि.ले समेत निरन्तर प्रयोग गर्दै आइरहेकै दशकौ भइसकेको अवस्था हो । विगत १ महिना देखि एक्कासी पश्चिम तर्फको कि.नं. ४१० का जग्गाधनि शारदा देवि श्रेष्ठले निरन्तर रुपमा ईटा, रोडा, बालुवा लगायतका निर्माण सामाग्रीहरु थुपारी अवरोध खडा गरेकाले सो बाटोमा दैनिक आवतजावत गर्न गाह्रो परिरहेको थियो । यसै अवरोधलाई निराकरण गर्न वडा कार्यालय र प्रहरी कार्यालयको समन्वयमा दुवै पक्षबिच मिति २०७७/०३/२८ मा आवत जावत गर्न समेत नमिल्ने गरी बाटो अवरोध गर्नु भयो । त्यस अवरोधलाई वडा कार्यालयको प्रतिनिधि, स्थानीय वासिन्दा र प्रहरीकै रोहवरमा राती ११ बजेसम्म लगाई सो अवरोध हटाउने काम भयो ।

२. शारदा देवि श्रेष्ठले निजी अमिन बोलाएर नापजाँच गरी वडा कार्यालयर स्थानीयलाई समेत जानकारी नगराई नक्सा पास नगरी बाटोमा गैरकानुनी रुपले पिलर खडा गरी निर्माण कार्य निरन्तर भइराखेकोले सार्वजनिक सरोकारको विषयवस्तुमा तुरुन्त ध्यान दिई उक्त बाटो मिति २०६५/०४/१० मा नै तत्कालिन थानकोट गा.वि.स. कार्यालयबाट भवन निर्माण सम्बन्धी मापदण्ड २०६४ बमोजिम

संधियारलाई जानकारीसहितको सूचना प्रकाशन गरी चारै किल्ला सिमाना संधियार बीच सहमति गरी नापी कार्यालयबाट रेखाङ्कन गरी एकिन गर्ने सहमति हुँदा हुँदै एक्कासी बलजफ्ती रुपमा निर्माण कार्य सञ्चालन भइरहेकोले रोकी न्याय पाउँ ।

३. साथै चन्द्रागिरि नगरपालिका ३ नं. वडा कार्यालयबाट निज शारदादेवि श्रेष्ठ र सुजल डेरी प्रा.लि.लाई छलफलको लागि मिति २०७७/०४/११ मा उपस्थित हुनु भन्ने जानकारी गराउँदा गराउँदै निजबाट उक्त सार्वजनिक बाटो पुरै रोक्ने काम भयो । जसले डेरीमा आश्रित परिवारको रोजीरोटी ने बन्द हुने अवस्था रहेको छ । जनता र राज्य बीचको सम्बन्धलाई असर पुऱ्याई राज्यलाई कर समेत गुम्न जाने कार्यलाई सधैंको लागि बन्द गरी विपक्षीको उक्त कार्य रोकी पिडितलाई न्याय दिलाई पाउँ ।

४. विपक्षीको उक्त कार्य नरोकिएमा अत्यावश्यकिय सेवामा प्रत्यक्ष असरपरी भौतिक र मानविय क्षति रोक्न सक्ने अवस्था रहदैन । यस्तो कार्यलाई प्रश्रय दिनु हुँदैन नभए समाजमा अराजकता, सिर्जना गराउँछ । समाज र कानुनद्वारा परिकल्पना गरिएको सभ्य समाजको मूल्य मान्यता भङ्ग हुन्छ र कानुनी शासन, विधिको शासनको अन्त्य हुन्छ । जनतासँग प्रत्यक्ष सरोकार राख्ने स्थानीय निकायले यस्तो प्रवृत्तिलाई तुरुन्त रोकीआवश्यक कारवाही गर्नुपर्ने हुन्छ । त्यसैले दिर्घकालिन समाधान दिलाई न्याय दिलाई पाउँ ।

५. विपक्षीले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७, ३९, ४७ (ठ), मुलुकी देवानी संहिता, २०७४ को दफा २७६ (२), ऐ ऐनको दफा ३७१ (१), २९९, ३०७ र (२) मालपोल ऐन, २०३४ को दफा २४ र मुलुकी देवानी संहिता२०७४ को परिच्छेद - ५ बमोजिमको क्षतिपूर्ति दिलाई न्याय पाउँ भन्ने माग दावी रहेको छ ।

**प्रतिवादीको प्रतिदावीको संक्षिप्त व्यहोरा** :

लगाउको मुद्दा नं. ०४/२६ श्रीमती शारदा देवी श्रेष्ठको वारिश रामहरि घिमिरेले बुझि लिएको मिति २०७७/०६/३० गते बुझिलिई प्रतिउत्तर फिराउने म्याद थाम्ने थमाउने समय नै व्यतित गरी बसेको देखिन्छ ।

**वादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

कि.नं. ४०९, ५१८, ५१६ र ५२० मा वाटो रहेको देखिन्छ ।

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

**प्रतिवादीको साक्षीको कथन तथा प्रमाणको विश्लेषण :**

**दुवै पक्षबाट उपस्थित भएका कानुन व्यवसायीको बहसको मुख्य बुँदा :**

वादीका कानुन व्यवसायी विद्वान अधिकक्ता श्री अजय बुढाथोकीले साविक देखिनै चलन चल्तीमा रहेको बाटो भएर आफ्नो दैनिकी संचालन गरी आईरहेकोमा पछि सुजल डेरीले सोहि बाटो प्रयोग गरी आफ्नो व्यवसाय नियमित रुपमा संचालन गर्दै आएकोमा एकासी बाटोमा अवरोधलाई निकास दिन कि.नं. ४०९, ५१८, ५१६ र ५२० लाई बाटो कायम गरी पाउँ भनि बहस प्रस्तुत गर्नुभयो ।

**दुवै पक्ष बिचमा फरक परेको विषय :**

दुवै पक्षको विचमा कि.नं. ४०९, ५१८, ५१६ र ५२० साविक देखि सार्वजनिक बाटो हो, होइन ? भन्ने कुरामा मुख नमिलेको देखिन आयो ।

**निर्णय खण्ड**

प्रस्तुत विवादित विषयमा बाटोको बाधा हटाई बाटो चलाई पाउँ मुद्दामा पक्षहरु बीच मुख मिलेको नदेखिदा साविक देखि बाटोको रुपमा प्रयोगमा आएको विवादित कि.नं. ५१६, ५१८ र ५२० जग्गामा रहेको बाटो एकिन गरी उजुरी माग बमोजिम बाटोको बाधा हटाई बाटो चलाई पाउँ सम्बन्धमा समाधान गर्नुपर्ने हो होइन भनि निर्णय दिनुपर्ने देखिन आयो । प्रस्तुत विवादीत प्रस्तुत विवाद स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४७ को उपदफा (१) को देहाय (ठ) बमोजिम यसै न्यायिक समितिको क्षेत्राधिकार भित्र रहेकोमा उक्त कानुनी व्यवस्था अनुसार प्रस्तुत मुद्दामा मेलमिलापको प्रकृया समेत अबलम्बन गरी निरुपण गर्नुपर्ने हुन आएकोमा पक्षहरूलाई मेलमिलापको लागि प्रेरित गरी पटक पटक छलफल गर्दा समेत सहमति भई मेलमिलाप हुन नसकेको देखिंदा पक्षहरू बीच एकआपसमा मेलमिलापको वातावरण समेत तयार हुन नसकेको देखिदा मिति २०७८/०९/१९ गतेको कित्ता नं. ५१६, ५१८ र ५२० नापी कार्यालयको प्लट बुक उत्तार र प्रमाणित नक्सा समेत प्राप्त प्रमाणलाई आधारमा लिई मुल्याङ्कन गर्दा कित्ता नं. ५१६, ५१८ र ५२० जग्गा सार्वजनिक बाटो जनिएको देखिदा सार्वजनिक बाटोको रुपामा प्रचलनमा रहेको बाटो सम्बन्धी विवादमा न्यायिक समितिको अधिकार क्षेत्र भित्र रहेको हुँदा नक्सामा कायम रहेको बाटो कुनै व्यक्तिले अवरोध गर्न मिल्ने कानुनी व्यास्था समेत रहेको नहुँदा मुलुकी देवानी संहिता, २०७४ को दफा ३०० बमोजिम काठमाडौं जिल्ला साविक थानकोट गा.वि.स. वडा नं. ३/क कित्ता नं. ५१६, ५१८ र ५२० मा कायम रहेको सर्वजनिक बाटो कायम रहेको हुँदा उक्त बाटोको आवागमनलाई कुनै पनि तवरले अवरोध सिर्जना नगर्नु नगराउनु भनी प्रतिवादीको

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल

नाउँमा आदेश जारी गर्ने गर्ने निर्णय गरियो भने क्षतिपूर्ति माग दावीको सम्बन्धमा उजुरी निवेदन खारेजी गर्ने निर्णय गरियो । अरुमा तपशिल बमोजिम गर्नु ।

## तपसिल खण्ड

(क) माथिको निर्णय खण्डमा कित्ता नं. ५१६, ५१८ र ५२० जग्गा सार्वजनिक बाटो रहेको हुँदा बाटोको अबरोध तत्काल वडा प्रतिनिधी र प्रहरी समेतको उपस्थितिमा हटाई बाटो बाधा हटाई नियमित सुचारु गर्नु गराउनु ।...........................................................................................................१

(ख) प्रतिवादीले शुरु म्यादै गुजारी बसेको हुँदा पुनरावेदनको म्याद दिनु परेन । ............................... २

(ग) सरोकारवालाले नक्कल मागगरेमा नियमानुसार दिनु । ...........................................................३

(घ) यस निर्णयको विद्युतिय प्रति अपलोड गरी सोको निस्सा निर्णयको पिठमा जनाई प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गरी मिसिल नियम अनुसार अभिलेख शाखामा बुझाईदिनु । ...................................४

**न्यायिक समितिका**

संयोजक श्री लिशा नकर्मी

**सदस्य**

श्री माधवकुमार के.सी.

**सदस्य**

श्री सुरेन्द्र के.सी.

**निर्णय तयार गर्न सहयोग पुऱ्याउने**

चिरञ्जीवी खड्का

**न्यायिक सहजकर्ता**

निरञ्जन गोपाल बर्तौला शर्मा

इति सम्वत् मिति २०७८ साल चैत्र महिना २४ गते रोज ५ शुभम् ..............................................

चन्द्रागिरि नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बलम्बु, काठमाडौं
बागमती प्रदेश, नेपाल